# सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह दोस्रो वर्ष**
**पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक**
**आवश्यकता पूरा गर्नका लागि प्रस्तुत**
**शोध-प्रतिवेदन**


शोधकर्ता
कृष्णानन्द भट्ट
परीक्षा रोल नं. :– २८००६३/०६६
त्रि.वि. दर्ता नं.:– ९–२–६०–१९–२००३



त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय केन्द्रीय विभाग
(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग)
कीर्तिपुर काठमाडौं

२०६७


सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था – कृष्णानन्द भट्ट २०६७

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्र कृष्णानन्द भट्टले **सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था** शीर्षक शोधप्रतिवेदन मेरो निर्देशनमा लेखन कार्य पुरा गर्नु भएकोले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...............................

शि.स. देवीप्रसाद भट्टराई

(शोध निर्देशक)

मिति : २०६७/१२/१६/०४

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्र कृष्णानन्द भट्टले **सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था** शोधशीर्षकमा शोधप्रतिवेदन तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतको लागि सिफारिस साथ यस समितिमा पेश गर्नु भएकोमा स्वीकृति गरिएको छ ।

**मूल्याङ्कन समिति** **हस्ताक्षर**

सह प्रा. नारायण बस्नेत ..........................
(विभागीय प्रमुख)

शि.स. देवीप्रसाद भट्टराई ..........................
(शोधनिर्देशक)

उप. प्रा. किरणराम रञ्जितकार ..........................
(बाह्य परीक्षक)

उप प्रा. शिवराज बढू ..........................
(वाह्य परीक्षक)

मिति : २०६७/१२/२३/०४

# कृतज्ञताज्ञापन

प्रस्तुत "सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था" नामक शीर्षकको शोधपत्रको प्रस्तावना लेखनकार्यदेखि प्रदिवेदन लेखनकार्यसम्म आफ्नो अमूल्य सहयोग, सल्लाह, सुझाव एवम् निर्देशनका साथै हौसला र प्रेरणा प्रदान गर्नु हुने आदरणीय गुरु देवीप्रसाद भट्टराई ज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसैगरी खोज अनुसन्धानमा प्रेरणा जगाउने तथा अनुसन्धान गर्न अवसर प्रदान गर्नुहुने शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय प्रमुख सह-प्राध्यापक नारायण वस्नेत ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै मलाई स्नातकोत्तर तहमा अध्यापन गरी प्रस्तुत अनुसन्धान कार्य गर्न सक्षम बनाउन हुने गुरुज्यूहरू प्रा.डा. तीर्थराज पराजुली, प्रा.डा. प्रेम नारायण अर्याल, उप-प्राध्यापक किरणराम रञ्जितकार, उप-प्राध्यापक शिवराज बढू उप-प्राध्यापक यशोधारा पन्त र उप-प्राध्यापक विश्ववाला थापा प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोधपत्र तयार पार्ने क्रममा आवश्यक सूचनाहरू उपलब्ध गराउनु हुने सम्बन्धित विद्यालयहरूका प्र.अ., शिक्षक, एवम् विद्यार्थीप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसका साथै प्रस्तुत अध्ययन अनुसन्धानका लागि तथा आवश्यक रूपमा उच्च शिक्षा हाँसिल गराउन सम्पूर्ण सहयोग गर्नुहुने श्रद्देय मातापिता श्री जयानन्द भट्ट तथा गोमा भट्ट र दाजु यज्ञराज भट्टप्रति आभार व्यक्त गर्न चाहन्छु । उच्च शिक्षा हासिल गर्ने क्रममा निरन्तर आवश्यक प्रेरणा र हौसला प्रदान गर्ने जीवन साथी श्रीमती शान्ती भट्टलाई पनि धन्यवाद दिन चाहन्छु । यसैगरी अनुसन्धानका क्रममा आवश्यक सहयोग प्रदान गर्नुहुने साथीहरू दानबहादुर कार्की, शेर सिंह कार्की, यज्ञराज पाण्डेय, कोपिला खतीवडा, नवीन कुमार श्रेष्ठ, गुरु अर्याललाई धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत अनुसन्धान सञ्चालनको क्रममा आर्थिक सहयोग गर्ने देउलेक गा.वि.स. परिवारका साथै सम्पूर्ण साथीभाइ एवम् मित्रवर श्री केशवदत्त कपाडी ज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

शोधपत्रलाई टंकन एवम् फोटोकपी, व्यान्डीङ् गरी आवश्यक सहयोग पुऱ्याउनु हुने सुनेश फोटोकपी एण्ड कम्प्युटर, पाँगाका श्री सुनेश श्रेष्ठ तथा नरेश महर्जनप्रति हार्दिक आभार प्रकट गर्दछु, अन्तमा शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभागका सम्पूर्ण परिवारलाई हार्दिक धन्यवाद एवम् कृतज्ञता ज्ञापन गर्दछु ।

कृष्णानन्द भट्ट

चैत्र, २०६७

# शोधसार

विद्यार्थीहरूको व्यक्तित्व विकासका शारीरिक, मानसिक, सामाजिक र सम्वेगात्मक पक्षसँग सम्बन्धित रही कक्षाकोठाको शिक्षण बाहेक अतिरिक्त समयमा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरूलाई अतिरिक्त क्रियाकलाप भनिन्छ । अतिरिक्त कार्यक्रमहरूले विद्यार्थीहरूमा रहेको अन्तरनिहीत क्षमतालाई प्रस्फुटन गर्न सहयोग गर्दछ । प्रस्तुत अध्ययन **सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था** पहिचान गर्न सञ्चालन गरिएको थियो । यो अध्ययन अतिरिक्त क्रियाकलापसम्बन्धी सरोकारवालाहरूको धारणा, अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूको अवस्था र अतिरिक्त क्रियाकलापमा छात्रछात्राहरूको सहभागिता पत्ता लगाउन केन्द्रित रहेको थियो । यो अध्ययन बैतडी जिल्ला अन्तर्गतको देउलेक गा.वि.स. भित्रका सबै सामुदायिक विद्यालयहरूमा गरिने अतिरिक्त क्रियाकलापसँग केन्द्रित छ । यस अध्ययनमा आवश्यक सूचनाहरू संकलन गर्न अन्तर्वार्ता प्रश्नावली, प्रश्नावली, लक्षित समूह छलफल र दस्तावेज अध्ययनको प्रयोग गरिएको थियो । विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी एवम् विद्यालयका अभिलेख वा रेकर्ड फाइलहरूबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो ।

अतिरिक्त क्रियाकलापसम्बन्धी सरोकारवालाहरूको धारणा लेखाजोखा गर्दा विद्यार्थीहरूको चौतर्फी विकासका लागि विद्यालयमा कक्षा शिक्षण बाहेक अतिरिक्त समयमा सञ्चालन हुने कार्यक्रमलाई अतिरिक्त क्रियाकलापको रूपमा लिएको पाइयो । विद्यार्थीको कला, सौन्दर्य र सिर्जनात्मक क्षमता उजागर गर्ने क्रियाकलापलाई पनि अतिरिक्त कार्यक्रमको रूपमा लिएको पाइयो । अतिरिक्त कार्यक्रमले कक्षा-कोठामा सिकेको ज्ञान वा सीपलाई व्यवहारिक रूपमा कार्यान्वयन  गर्न सहयोग पुऱ्याएको देखियो । अतिरिक्त क्रियाकलापअन्तर्गत सञ्चालन हुने कार्यक्रमहरूमा खेलकूद, सांस्कृतिक कार्यक्रम, साहित्यीक गतिविधि, नाटक प्रतियोगिता, सरसफाई कार्यक्रम, चित्रकला र हस्तकला प्रतियोगिता, हाजिरी जवाफ र हिज्जे प्रतियोगिता रहेका देखिए । यी कार्यक्रमहरूलाई विद्यालयले उपलब्ध स्थानिय स्रोत, साधन र सामग्रीअनुसार सञ्चालन गर्ने गरेको पाइयो । कार्यक्रमहरूको लागि आवश्यक पर्ने स्रोत र सामग्रीहरूमा खेलमैदान लगायत खेलसामग्री अन्तर्गत भलिबल, फुटवल, क्रिकेट, वेट, स्टाम्प, क्यारमबोर्ड, जाली, रीङ, डोरी एवम्, एकनाशको पोशाक रहेका पाइए । यसैगरी सांस्कृतिक कार्यक्रम र नाटक सोका लागि हार्मोनियम, मादल चिम्टा, खजुरी, डम्फूको आवश्यकता पर्ने देखियो । चित्र कला र हस्तकला प्रतियोगिताका लागि विभिन्न किसिमको रङ, पेन्ट, काजग र कपडा रहेका पाइए । अतिरिक्त तथा सहक्रियाकलाप स्रोत पुस्तिका (२०६१) मा उल्लेख गरिएका साधनहरूमध्ये आफ्नो विद्यालयहरूमा थोरै साधन र सामग्रीहरू रहेका सरोकारवालाहरूको प्रतिक्रियामा पाइयो । विद्यालयहरूमा उपलब्ध स्रोत र साधनहरू प्रति प्र.अ., शिक्षक र विद्यार्थीहरूको न्यून सन्तुष्टि रहेको पाइयो । अतिरिक्त कार्यक्रमले विद्यार्थीहरूमा नियमित अध्ययन गर्ने बानीको विकास, वोल्न सक्ने र नेतृत्व लिन सक्ने क्षमता प्रदान, सिर्जनात्मक सोच, अनुशासित रहने वानीको विकास तथा सीप विकासका पक्षहरूमा सहयोग पुऱ्याएको देखियो ।

अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूलाई छनोटमा परेका सबै विद्यालयहरूले अन्तर सदनका आधारमा सञ्चालन गर्ने गरेको पाइयो । प्रतिभाको दृष्टिकोणबाट सन्तुलित र व्यवस्थित हुने गरी विद्यार्थीहरूलाई सदनमा विभाजन गरेको पाइयो । छनौटमा परेका विद्यालयहरूमध्ये चारवटा विद्यालयले महिनामा दुईचोटी र एउटा विद्यालयले मात्र प्रत्येक शुक्रवार कार्यक्रमहरू गर्ने देखियो । दुईवटा विद्यालयले वार्षिक कार्ययोजनामा नै कार्यक्रमहरूको विवरण उल्लेख गरेको पाइयो भने तीनवटा विद्यालयले वार्षिक कार्ययोजनामा कार्यक्रमहरू उल्लेख गरेको पाइएन । अतिरिक्त क्रियाकलाप सञ्चालनका आधारहरूमा सबै विद्यार्थीहरूको समान सहभागिता, विद्यार्थी केन्द्रित क्रियाकलाप, लैङ्गीक समानता, विद्यालयको आवश्यकता, आर्थिक अवस्था र प्राप्त सुविधाहरू तथा विद्यालयका प्रधानाध्यापक शिक्षक र विद्यार्थीहरूको सक्रिय सहभागिता रहेका पाइए । विद्यालयको खेलमैदान र खेल सामग्रीको अभाव, विद्यालयको आर्थिक स्रोत, भौतिक सामग्री दक्ष जनशक्ति वा तालिम प्राप्त शिक्षकको अभाव, विद्यालयमा हुने लैङ्गिक र जातीगत भेदभाव, विद्यार्थीहरूको न्यून सहभागिता, अनशासनको कमी, प्र.अ., शिक्षक र विद्यार्थीहरू बीचमा सहमती र सहयोगको अभाव तथा अतिरिक्त कार्यक्रमहरूको निरन्तर मूल्याङ्कन र अनुगमन नहुनु जस्ता पक्षहरू अतिरिक्त क्रियाकलाप सञ्चालनमा वाधा पुऱ्याउने तत्त्वका रूपमा रहेका पाइए । अतिरिक्त कार्यक्रमहरूलाई नियमित र स्तरीय बनाउनका लागि कार्यक्रमहरूसँग सम्बन्धित पक्षहरूको एक-आपसमा प्रकार्यात्मक सम्बन्ध, प्रतिभाको दृष्टिकोणबाट सन्तुलित र व्यवस्थित हुने गरी विद्यार्थीहरूलाई सदनमा विभाजन, कार्यक्रममा भाग लिने विद्यार्थीहरूलाई पुरुस्कार र प्रोत्साहन, कार्यक्रमका लागि आवश्यक पर्ने आर्थिक एवम् भौतिक स्रोत जुटाउने, लैङ्गीक र जातीय भेदभावको अन्त्य, विद्यार्थीहरूप्रति समान व्यवहार, कार्यक्रमहरूको बारेमा पूर्व जानकारी र योजना निर्माण, विद्यार्थी केन्द्रित कार्यक्रम तथा कार्यक्रम सञ्चालन व्यवस्थापन र मूल्याङ्कनमा एकरूपता ल्याउनु पर्ने देखियो ।

छनोटमा परेका सबै विद्यालयहरूमा गैर दलितका छात्रछात्राहरूध्ये अतिरिक्त क्रियाकलापमा छात्रहरूको सहभागिता बढी देखियो । दलितका छात्रछात्राहरूमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूमा छात्राहरूको सहभागिता बढी पाइयो । १२-१६ वर्ष उमेर समूहका छात्रछात्रा भन्दा ६-११ वर्ष उमेर समूहका छात्रछात्राहरूले अतिरिक्त कार्यक्रममा बढी भाग लिएको पाइयो । औषत रूपमा विद्यार्थी संख्याको जातीगत वाहुल्यता, शिक्षक र अभिभावकको प्रोत्साहन, अन्य जातीका केटाकेटीले भाग नलिनु, पुरुस्कार पाउने आशामा र सहपाठीहरू माझ आफ्नो स्थान अगाडि ल्याउनको लागि कार्यक्रममा विद्यार्थीहरू बढी सहभागी हुने गरेका पाइए भने विद्यार्थी संख्याको पहुँच थोरै, प्रेरणा र प्रोत्साहनको कमी, अतिरिक्त क्रियाकलापसम्बन्धी ज्ञानको अभाव, विद्यार्थीहरूमा लाज मान्ने प्रवृत्ति, लैङ्गिक र जातीय रूपमा भेद्भाव तथा कार्यक्रममा स्थान नल्याउदा सहपाठीद्वारा हेपीने प्रवृत्तिले विद्यार्थीहरूको अतिरिक्त कार्यक्रममा कम सहभागिता रहेको पाइयो ।

## विषयसूची


**सिफारिसपत्र** I

**स्वीकृतिपत्र** II

**कृतज्ञता ज्ञापन** III

**शोधसार** IV

**विषयसूची** VI

**तालिका सूची** VIII

**परिच्छेद एक : परिचय** १–७

१.१ अध्ययनको पृष्ठभूमी १

१.१.१ अध्ययन क्षेत्रको परिचय ३

१.२ समस्याको कथन ४

१.३ अध्ययनको औचित्य ४

१.४ अध्ययनको उद्देश्य ५

१.५ अनुसन्धान प्रश्न ६

१.६ अध्ययनको परीसीमा ६

१.७ शब्दको परिभाषा ७

**परिच्छेद दुई : पूर्व कार्यको समीक्षा** ८–१६

२.१ सैद्धान्तिक पुनरावलोकन ८

२.१.१ अतिरिक्त कार्यकलापको सैद्धान्तिक आधार ९

२.२ सम्बन्धित साहित्यको अध्ययन १०

२.२.१ नेपालको राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ १०

२.२.२ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ ११

२.२.३ शिक्षा नियमावली (२०५९) को नियम (७६) मा तोकिएका अतिरिक्त क्रियाकलापहरू १२

२.२.४ अतिरिक्त कार्यकलाप सञ्चालन शिक्षक स्रोत पुस्तिका (२०६०) १२

२.३ अवधारणात्मक ढाँचा १४

**परिच्छेद तीन : अध्ययन विधि** १७–२०

३.१ अनुसन्धान ढाँचा १७

३.२ जनसंख्या र नमुना १७

३.३ नमुना छनोट विधि १८

३.४ क्षेत्र छनोट १८

३.४.१ विद्यालयको छनोट १८

३.४.२ प्रधानाध्यापक र शिक्षकको छनोट १८

| | | |
|---|---|---|
| | ३.४.३ विद्यार्थीहरूको छनोट | १८ |
| ३.५ | अध्ययनका साधन | १९ |
| | ३.५.१ प्राथमिक स्रोतहरू | १९ |
| | ३.५.१.१ अन्तर्वार्ता प्रश्नावली | १९ |
| | ३.५.१.२ प्रश्नावली | १९ |
| | ३.५.१.३ लक्षित समूह छलफल निर्देशिका | १९ |
| | ३.५.२ सहायक स्रोतहरू | १९ |
| ३.६ | साधनहरूको बैधता | १९ |
| ३.७ | सूचना संकलन प्रक्रिया | २० |
| ३.८ | नैतिकताको मापदण्ड | २० |
| **परिच्छेद-चार : सूचनाको विश्लेषण र व्याख्या** | | **२०-४६** |
| ४.१ | अतिरिक्त क्रियाकलाप सम्बन्धमा सरोकारवालाहरूको धारणा | २१ |
| | ४.१.१ अतिरिक्त कार्यक्रममा समाविष्ट क्रियाकलापहरू | २३ |
| | ४.१.२ अतिरिक्त क्रियाकलापका लागि आवश्यक पर्ने स्रोत र सामग्रीहरू | २७ |
| | ४.१.३ अतिरिक्त क्रियाकलापले व्यक्तित्त्व विकासमा पुऱ्याउने सहयोग सम्बन्धमा प्राप्त धारणा | २९ |
| ४.२ | सामुदायिक विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको अवस्था | ३० |
| | ४.२.१ अतिरक्त क्रियाकलाप सञ्चालन प्रक्रिया | ३१ |
| | ४.२.२ अतिरिक्त क्रियाकलाप सञ्चालनका मापदण्ड र आधारहरू | ३३ |
| | ४.२.३ अतिरिक्त क्रियाकलाप सञ्चालनमा बाधा पुऱ्याउने तत्त्वहरू | ३५ |
| | ४.२.४ हाल अतिरिक्त कार्यक्रमहरूलाई नियमित र स्तरीय बनाउने उपायहरू | ३८ |
| ४.३ | अतिरिक्त क्रियाकलापमा छात्रछात्राहरूको सहभागिता | ४१ |
| | ४.३.१ अतिरिक्त क्रियाकलापमा बढी सहभागी हुने विद्यार्थीहरुको सहभागिता हुनका कारण | ४४ |
| | ४.३.२ अतिरिक्त क्रियाकलापमा कम सहभागी हुने विद्यार्थीहरुको सहभागितामा कमी हुनका कारण | ४५ |
| **परिच्छेद -पाँच : प्राप्ति निश्कर्ष र सुझावहरू** | | **४७-५१** |
| ५.१ | प्राप्ति | ४७ |
| ५.२ | निश्कर्ष | ४९ |
| ५.३ | सुझावहरू | ५१ |
| **सन्दर्भसूची** | | |
| **अनुसूचीहरू** | | |

## तालिका सूची


| | | | |
|---|---|---|---|
| ४.१ | : | अतिरिक्त क्रियाकलापको अर्थका बारेमा सरोकारवालाहरूको धारणा | २१ |
| ४.२ | : | अतिरिक्त क्रियाकलापमा समावेश हुने स्रोत र सामग्रीहरू | २७ |
| ४.३ | : | अतिरिक्त क्रियाकलाप सञ्चालनमा बाधा पुऱ्याउने तत्त्वहरू | ३५ |
| ४.४ | : | अतिरिक्त कार्यक्रमहरूलाई नियमित र स्तरीय बनाउने उपायहरू | ३८ |
| ४.५ | : | जातीगत, लिङ्गगत र उमेर समूहका आधारमा विद्यार्थीहरूको अतिरिक्त क्रियाकलापमा सहभागिता | ४२ |